अनुसूची - २

(दफा ११ (४) संग सम्बन्धित)

लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

आपसी सहयोग वचत तथा ऋण सहकारी संस्था लि., वालुवाटार, काठमाडौं

आ.व. २०७८।७९

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

मिति २०७८/०९/१० मा सम्पन्न ३० औं वार्षिक साधारण सभाले आ.व.२०७७/७८ सालको लेखापरिक्षण प्रतिवेदन, वित्तीय विवरणका साथै आ.व.२०७८/७९ सालको बजेट तथा वार्षिक कार्यक्रम पारित गरेको, आ.व.२०७७/७८ सालको मुनाफाबाट १०.७० प्रतिशत लाभांश पारित गरी वितरण गर्ने निर्णय गरेको, आर्थिक वर्ष २०७८/७९ को वाह्य लेखापरीक्षणका लागि श्री आर. पोखरेल एण्ड एसोसियट्सका लेखापरीक्षक श्री सिए रबि पोखरेललाई नियुक्त गरी रु.५० हजार पारिश्रमिक दिने निर्णय गरेको देखिन्छ । साधारणसभाले निर्णय गरे बमोजिम विभिन्न नयाँ नीतिहरु पारित गरी कार्यान्यवन गर्ने लगायत विभिन्न नीतिहरु संशोधन गरी कार्यान्वयन गरेको देखिन्छ ।

२. संचालक समितिको आ.व. २०७८/७९ सालमा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

आर्थिक वर्ष २०७८/७९ मा संस्थाको संचालक समितिको जम्मा १६ वटा बैठकहरु बसेको पाइयो । उक्त बैठकहरुमा मुख्य रुपमा शेयर लाभांश कोष र संरक्षित पुँजी फिर्ता कोष वितरण पश्चात बाँकी रहेको रकम साधारण जगेडा कोषमा रकमान्तर गर्ने, वित्तीय श्रोत व्यवस्थापन गर्ने, वचतमा दिने र कर्जामा लिने ब्याजदर परिवर्तन गर्ने, ऋण असुली थप प्रभावकारी वनाउने, संस्थाको रकम लगानी गने, शेयरधनी सदस्यले सदस्यता परित्याग गरेको अनुमोदन र नयाँ सदस्यहरु थप गर्ने निर्णय, थप शेयर अनुमोदन गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु गरी कार्यान्वयनमा ल्याएको पाइयो ।

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

सदस्यहरुको आवश्यकता तथा संस्थामा रहेको तरलतालाई मध्येनजर गरी गत वर्षमा सीमा बृद्धि रहेको रु.२ लाखसम्मको सामाजिक कर्जा, रु.३ लाखसम्मको सहयोगी कर्जा, रु.४ लाखसम्मको अल्पकालीन कर्जा (६ महिने) र रु.४ लाखसम्मको सरल कर्जा (३ महिने) लाई क्रमशः रु.३ लाख, रु.४ लाख तथा रु.६/६ लाख सीमा गत आर्थिक वर्षमा पनि कायमै रहेको देखियो । उपरोक्त कर्जाहरु

नियमित बचत गरेको र शेयरधनीहरुको जमानीको आधारमा सदस्यसंग तमसुक गरी प्रवाह गर्ने गरिएको छ । सरल कर्जा, सामाजिक कर्जा र सहयोगी कर्जाको व्याजदर अल्पकालिन कर्जाको तुलनामा केही कम रहेको छ भने सम्पुर्ण कर्जाको व्यवस्थापन शुल्क ०.५ प्रतिशत कायम गरेको देखिन्छ । सम्पुर्ण कर्जाहरु सामूहिक जमानत तथा सदस्यको बचतको धितोमा तथा सरल कर्जाको हकमा कर्जा भुक्तानी गर्ने अवधिको चेक धितो राखी मात्र कर्जा प्रवाह गर्ने व्यवस्था कायमै रहेको छ । सामान्यतया कर्जा प्रवाह गर्दा एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गर्ने गरेको भए पनि अति जरुरी अवस्थामा ऋणीको व्यवहारिक आवश्यकतालाई हेरेर निजबाट निवेदन लिई बियरर चेकबाटै पनि भुक्तानी दिने व्यवस्था गरेको देखिन्छ । साथै, ऋण लगानी सम्बन्धमा सहकारीको मापदण्ड तथा संस्थाको ऋण लगानी तथा कर्जा असुली निर्देशिकाको पालना भएको देखिन्छ ।

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

सहकारी विभागवाट जारी गरिएको बचत परिचालन, ऋण लगानी सम्वन्धी अधिकांश मापदण्डहरु पालना गरेको देखिन्छ ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघबाट भएको अनुगमन तथा निरिक्षणबाट प्राप्त सुझावहरुलाई संचालक समितिले छलफल गरेको र कार्यान्वयन गरेको देखिन्छ ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

६.१ पारिश्रमिक : छैन ।

६.२ भत्ता : छैन ।

६.३ अन्य सुविधाहरु : संचालक समिति, लेखा समिति र ऋण उप समिति र शिक्षा उप समितिको बैठक वसेको दिनको खाजा खर्च तथा बैठक भत्ता संस्थाले उपलब्ध गराउने गत वर्षको परम्परा यथावत रहेको छ । सो अनुसार सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उप समिति र शिक्षा उप समितिको बैठक बस्दा पदाधिकारी तथा सदस्यहरुलाई बैठक भत्ता वापत रु.६००/- मा प्रचलित नियमानुसार कर कट्टा गरी बैठक भत्ता वितरण गर्ने र खाजा खुवाउने व्यवस्था रहेको छ ।

कोषाध्यक्षलाई खाजा तथा परिवहन खर्च वापत मासिक रु.२,०००।०० (अक्षरेपि दुई हजार मात्र) प्रदान गर्ने व्यवस्था यथावत रहेको छ । आर्थिक वर्ष २०७५/७६ देखि लागु हुने गरी संचालक समितिका पदाधिकारीहरुलाई रु.१,५००।०० र अन्य सदस्यहरुलाई रु.५००/-, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरु र ऋण उपसमितिका संयोजक तथा सदस्यहरुलाई मासिक रु.५००।०० मोबाईल रिचार्ज खर्च प्रदान गर्ने व्यवस्था कायमै रहेको देखिन्छ ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : भएको ।

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याइएको

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको

७.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको : रहेको ।

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : नेपाल राष्ट्र बैंकमा २३ वर्ष तथा सहकारीमा १९ वर्षको कार्य अनुभव भएको र कार्यक्षमता सन्तोषजनक रहेको ।

७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या देहाय बमोजिम छन् :

७.६.१ करार : २ जना रहेको ।

७.६.२ अस्थायी : छैन ।

७.६.३ स्थायी : २ जना रहेको ।

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

गत वर्षमा दिइएका अधिकांश सुझावहरु कार्यान्वयन भएको पाइयो । तथापि नियमित नभएका केही कर्जाको असुली प्रक्रियालाई प्रभावकारी बनाउनु पर्ने गत प्रतिवेदनको सुझाव यो प्रतिवेदनमा पनि यथावत रहेको छ । साथै, निष्क्रिय कर्जा नोक्सानी व्यवस्था गर्दा संस्थाको लगानी नीति अनुसार भाखा नाघेको अवधि अनुसार गर्ने गरी System Software तयार गरी Auto Generate गर्ने व्यवस्था गर्नुपर्ने विगतको सुझाव यो प्रतिवदेनमा पनि यथावत छ ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

- लामो समयदेखि भाखा नाघेका केही कर्जाहरुको असुली सम्बन्धमा त्यस्ता कर्जाहरुको बाँकी सावाँ, ब्याज, हर्जाना, ऋणीको नाम, जमानत कर्ताको नाम आदि सहितको पूरा विवरण अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ ।

- संस्थाको लगानीयोग्य रकम व्यवस्थापन गर्दा तरलता समेतलाई ध्यान दिँदै मुद्दति निक्षेप, कर्जा सापटी लगानी र बैंक मौज्दात अनुपात कायम गरी शेयरधनीहरुले कर्जा माग गरेको समयमा कर्जा उपलब्ध हुने/नहुने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय गरी लागु गर्नुपर्ने र अन्य उपकरणहरुमा समेत लगानी गर्ने तथा सम्बन्धमा ध्यान दिनु उपयुक्त हुने देखिन्छ ।
- कर्मचारीहरुलाई संस्थाको दैनिक कारोबारको साथै कर्जा प्रक्रियाका विभिन्न चरणहरुमा जानकारी राख्नुपर्ने विषयहरुमा जानकार गराउनुका साथै दक्षता अभिवृद्दि गर्नका लागि अभिमुखीकरण तालिमको आवश्यकता पहिचान गरी नियमित रुपमा आवधिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- संस्थाले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा नगद जम्मा गर्न लैजाने क्रममा मार्गस्थ नगद र भल्टमा रहने नगद रकमको जोखिम कभर गर्ने सम्बन्धमा आवश्यक नीति बनाई कार्यान्वयन गरेको नदेखिएकोले सो विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

१०. लेखा समितिको सुझावहरु :

- विगतमा धेरै संख्या र अनुपातमा खराब कर्जा रहेकोमा व्यवस्थापनको प्रयाशमा अधिकांश त्यस्ता कर्जाहरु असुल भएको देखिनु सकरात्मक पक्ष हो । तथापि कतिपय ऋणीहरु सम्पर्कमा रही कर्जा तिर्न सक्ने सम्भावना र क्षमता हुँदाहुँदै पनि बिलम्ब गरेर बस्ने र तिर्न पर्ने रकम छुट माग्ने प्रवृतिलाई आगामी दिनमा निरुत्साहित गर्नु पर्ने देखिन्छ ।
- सहकारी नियमावली, २०७५ को नियम २७ (१) (क) बमोजिम छुट्याइएको सहकारी शिक्षा कोषको रकम खर्च गरी सहकारी शिक्षा कार्यक्रम सञ्चालन गर्दा सहकारी संस्थाका कर्मचारी, पदाधिकारी र संस्थाका शेयर धनी सदस्यहरुलाई समेत समेटी सहकारी अभियानका विज्ञहरुबाट प्रशिक्षण तथा अभिमुखीकरण जस्ता प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

लेखा सुपरिवेक्षण समितिको तर्फबाट

(स्नेहा अग्रवाल) सदस्य	(राजु पौडेल) सदस्य	(अशोक कुमार राई) संयोजक